फोन नं :- ०५७-५२०४९५
फ्याक्स नं :- ०५७-५२३=२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## मकवानपुर

पत्र संख्या :-०७६/७७
च.नं. :-

मिति:- २०७६/११/२३

### जिल्ला प्रशासन कार्यालय, मकवानपुरको अत्यन्त जरूरी सूचना ।

कोरोना भाईरस (COVID-19) को विश्वव्यापी संक्रमण फैलिरहेको र नेपाल समेत संक्रमणको उच्च जोखिममा रहेको सन्दर्भमा यसको सम्भावित संक्रमणको जोखिमबाट सतर्कता अपनाउन अपरिहार्य देखिएको हुँदा सबै प्रकारका सभा, सम्मेलन, भेला, कार्यक्रम आयोजना नगर्न वा भिडभाडमा सामेल नहुन र सतर्कता अपनाउन अनुरोध गरिसकिएकोमा होली (फागु पूर्णिमा) खेल्ने क्रममा हुने भिडभाडका कारण जोखिम बढ्ने सम्भावना देखिएकोले होली (फागु पूर्णिमा) को कार्यक्रम आयोजना नगर्न र त्यसमा सहभागी नहुन समेत सबैमा अनुरोध गरिन्छ ।

साथै, कोरोना भाईरस (COVID-19) को सम्भावित संक्रमणको जोखिमलाई मध्यनजर गर्दै जिल्लास्थित स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीहरूलाई आवश्यक परेको समयमा स्वास्थ्य सेवा उपलब्ध गराउन सक्ने गरी तयारी अवस्थामा रहन समेत अनुरोध गरिन्छ ।

०७६।११।२३
(चीरञ्जीवी शर्मा)
सहायक प्रमुख जिल्ला अधिकारी